आज मिति २०८०/१०/१६ गतेका दिन यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपसिलबमोजिमको निर्णय गरियो।

उपस्थिति :-

अध्यक्ष :- श्री अर्जुन गुरुङ (अध्यक्ष म.गा.पा. )
उपाध्यक्ष :- श्री होम बहादुर वि.क. (उपाध्यक्ष " )
वडा अध्यक्ष :- श्री रुद्रप्राण गुरुङ (वडा नं.१ " )
वडा अध्यक्ष :- श्री चेत बहादुर गुरुङ (वडा नं.२ " )
वडा अध्यक्ष :- श्री प्रेम बहादुर बराल (वडा नं.३ " )
वडा अध्यक्ष :- श्री सुवन गुरुङ (वडा नं.४ " )
वडा अध्यक्ष :- श्री लेखमान गुरुङ (वडा नं.५ " )
वडा अध्यक्ष :- श्री तिलक प्रसाद घले (वडा नं.६ " )
वडा अध्यक्ष :- श्री पूर्ण घले (वडा नं.७ " )
वडा अध्यक्ष :- श्री हिरा देवी घले (वडा नं.८ " )
वडा अध्यक्ष :- श्री नारायण बहादुर थापा (वडा नं.९ " )
~~वडा अध्यक्ष :- श्री~~
कार्यपालिका सदस्य :- श्री करुणा बहादुर वि.क.
कार्यपालिका सदस्य :- श्री पारकाजी गुरुङ
कार्यपालिका सदस्य :- श्री अनिता वि.क.
कार्यपालिका सदस्य :- श्री डिबमाया थापा
कार्यपालिका सदस्य :- श्री चितली तामाङ
प्रमुख प्रशासकीय अधिकृत :- श्री प्रेमचन्द्र अर्याल

अन्य उपस्थिति :

अर्जुन चापागाई (पु.अं.)
सुमन परियार (लेखापाल)
भरत मल्ल बोस्तोला (सु-प्र-अ)

निर्णय नं. १. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि २०७७ बमोजिम आर्थिक वर्ष २०७७/७८ मा यस मर्स्याङ्दी गाउँपालिकाको स्वमूल्याङ्कन गर्दा तपसिलमा उल्लेखित नतिजा प्राप्त भएकाले उक्त नतिजा नियमानुसार सार्वजनिकरण तथा अनुमोदन गर्ने निर्णय गरियो ।साथै आर्थिक वर्ष २०७८/७९ को लागि स्वमूल्याङ्कन कार्ययोजना समेत पारित गर्ने निर्णय गरियो ।

तपसिल

१. शासकीय प्रबन्धः १००%
२. संगठन तथा प्रशासनः ८७.५%
३. वार्षिक बजेट तथा योजना व्यवस्थापनः ७२.७३%
४. वित्तीय तथा आर्थिक व्यवस्थापनः ७२.७३%
५. सेवा प्रवाहः ६५.६३%
६. न्यायिक कार्यसम्पादनः ८५.७१%
७. भौतिक पूर्वाधारः ५७.६९%
८. सामाजिक समावेशिकरणः ९०%
९. वातावरण संरक्षण तथा विपद् व्यवस्थापनः ५०%
१०. सहकार्य र समन्वयः १६.६७%

जम्माः ७०.५%

# मर्स्याङ्दी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
### भुलुभले, लमजुङ

यस मर्स्याङ्दी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अन्तर्गत विभिन्न विषयगत शाखाहरुबाट सम्पादन भएका कार्यहरुलाई व्यवस्थित बनाउनको लागि तयार गरिएको

## कार्य-योजना (आ.व.२०७८/७९)

| सि.नं | विषयगत क्षेत्र | के गर्ने | कसरी गर्ने | कहिले गर्ने | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|---|
| १ | संगठन तथा प्रशासन | • क्षमता विकास योजना तयार गरी वार्षिक लक्ष्यको ८० प्रतिशत भन्दा बढी कार्यान्वयन गर्ने । | ➢ विषय विज्ञको सहयोग लिने ।<br>➢ योजना अनुरुप विभिन्न शाखालाइ कार्यान्वयनको जिम्मा दिने । | चालु आ.व ०७८ ।०७९ भित्र | प्रशासन शाखा |
| २ | वार्षिक वजेट तथा योजना व्यवस्थापन | • मध्यकालिन खर्च संरचना दस्तावेज तयार गरी सोही अनुरुप वार्षिक बजेट तथा कार्यक्रम गर्ने ।<br>• दिगो विकास | ➢ सेवा परामर्श सहयोग लिने ।<br>➢ दिगो विकासका लक्ष्यहरुलाइ आवधिक योजना र वार्षिक योनामा राख्ने ।<br>➢ विश्लेषण प्रतिवेदन तयार गरेर । | चालु आ.व भित्र ०७८ ।०७९ | योजना शाखा,लेखा शाखा |
| ३ | विनिय तथा आर्थिक व्यवस्था | • वार्षिक खरिद योजना तयार गर्ने ।<br>• रकामान्तरमा गर्दा तोकिएको सीमा वा शीर्षकबाट बाहेक रकामान्तरमा नगर्ने । | ➢ सम्बन्धित शाखालाई जिम्मेवारी दिने ।<br>➢ तोकिएको सिमामा मात्र रकमान्तर गर्ने । | चालु आ.व ०७८ ।०७९ भित्र | लेखा, जिन्सी तथा राजश्व शाखा |
| ४ | सेवाप्रवाह | • उपभोक्ता सर्भे तथा सार्वजनिक सुनुवाइ<br>• सेवामा सुचना प्रणाली<br>• इ पेमेन्ट लागू गर्ने | ➢ पत्रकार र विभिन्न मिडियाको सहयोग लिइ सार्वजनिक सुनुवाई तथा उपभोक्ता सर्भे गर्ने।<br>➢ सेवा प्रवाहमा आवश्यकता अनुसारको सूचना प्रविधि | चालु आ.व ०७८ ।०७९ भित्र | प्रशासन शाखा तथा सूचना प्रविधी शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रयोग गर्न आवश्यक पहल गर्ने । <br> ➢ इ पेमेन्ट लागु गर्नका लागि माथिल्लो निकाय सँग आवश्यक पहल गर्ने । | | |
| ५ | न्यायिक कार्य सम्पादन | • मेलमिलाप समिति तथा केन्द्र गठन तथा संचालन गरी प्रतिवेदन तयार गर्ने । | ➢ प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गर्ने । <br> ➢ मेलमिलाप समितिलाइ प्रतिवेदनको जिम्मेवारी दिने । | चालु आ.व ०७८ ।०७९ भित्र | न्यायिक समिति |
| ६ | भौतिक पूर्वाधार | • सार्वजनिक निजि साझेदारी निति <br> • बालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार <br> • राष्ट्रिय भवन संहिता र मापदण्ड <br> • सडक गुरु योजना तयार गर्ने <br> • IEE र EIA सम्बन्धी योजना तयार गर्ने <br> • औधोगिक पूर्वाधार | • यस गाउँपालिका भित्रका निजि कम्पनी सँग समन्वय गरी नीति निमार्ण गर्ने । <br> • बालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार नीति तर्जूमा गर्ने । <br> • राष्ट्रिय भवन संहिता र मापदण्ड लागू गर्ने <br> • सेवा परामर्शदाताको सहयोगमा सडक गुरु योजना तयार गर्ने । <br> • IEE र EIA सम्बन्धी योजना तयार गर्ने <br> • औधोगिक पूर्वाधारका लागि नीति बनाउने | चालु आ.व ०७८ ।०७९ भित्र | कार्यपालिका, <br> प्राविधिक शाखा |
| ७ | सामाजिक समावेशीकरण | • घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामूलक अभियान सञ्चालन गर्ने | ➢ वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी सम्बन्धित शाखालाइ जिम्मेवारी दिने । | चालु आ.व ०७८ ।०७९ भित्र | माहिला, बालबालिका अपाङ्गता तथा ज्येष्ठ नागरिक शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | • वातावरण प्रदूषण नियन्त्रण<br>• वातावरण मैत्री पूर्वाधार<br>• विपद् व्यवस्थापन योजना, ऐन रणनीति र कार्ययोजना निमार्ण गर्ने | ➢ वातावरण संरक्षण नीति तयार गर्ने<br>➢ वातावरण प्रदूषण नियन्त्रणका लागि आवश्यक बजेट विनियोजन गर्ने ।<br>➢ विपद् व्यवस्थापन समितिलाई विपद व्यवस्थापन योजना निमार्ण गर्ने जिम्मेवारी दिइ सोही अनुरुप कार्यान्वयन गर्ने । | चालु आ.व ०७८।०७९ भित्र | योजना शाखा र प्राविधिक शाखा |
| ९ | सहकार्य र समन्वय | • संघ, प्रदेश, अन्तरपालिका सँग विभिन्न विषयहरुमा सहकार्य र समन्वयमा लागि योजना तयार गरी सोही अनुरुप समन्वय गर्ने । | ➢ सहकार्यका क्षेत्रहरु पहिचान गरी विभिन्न निकायसँग समन्वयका लागि आवश्यक पहल गर्ने । | चालु आ.व ०७८।०७९ भित्र | कार्यपालिका, प्र.प्र.अ |

निर्णय नं. २: यस गाउँपालिका भित्रका "ग" वर्गको अपाङ्गता भएका व्यक्तिहरुलाई २०७८ माघ महिना देखि लागु हुने गरी आ.व. २०७८/७९ को स्वीकृत कार्यक्रम अपाङ्ग सम्मान तथा सामाग्री वितरण शीर्षकमा विनियोजित बजेट मध्येबाट मासिक रु ५०० (पाँच सय मात्र) उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ३: कोरोना रोकथाम र नियन्त्रणको लागि स्वास्थ्य चौकीहरुबाट नियमित एन्टिजेन टेस्ट गर्ने व्यवस्था मिलाउने, स्वास्थ्य मापदण्डहरु पालना गर्ने गराउने र गाउँपालिकाको तर्फबाट गर्न सकिने सम्पुर्ण व्यवस्थाका लागि तयारी अवस्थामा रहने निर्णय गरियो।

निर्णय नं. ४: मिति २०७८/६/४ र २०७८/९/२२ गतेका गाउँ शिक्षा समिति बैठकबाट भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ५: कोभिडको समयमा स्वास्थ्य संस्था लगायतका विभिन्न ठाउँमा आवतजावत गर्न सवारी साधन आवश्यक भएकाले स्वास्थ्य तर्फको तलब लगायत प्रशासनिक खर्च शीर्षकबाट १ थान मोटरसाइकल खरिद गर्ने निर्णय गरियो।

निर्णय नं. ६: पालिका मातहत रहेको एक थान मोटरसाइकल जगत प्रहरी चौकीलाई हस्तान्तरण गर्ने निर्णय गरियो।

निर्णय नं. ७: पर्यटन प्रवर्धन शीर्षकमा विनियोजित २५ लाख बजेटलाई तपशिल अनुसार विनियोजन गर्ने निर्णय गरियो।

- घनपोखरा होमस्टे वडा नं. १- रु २ लाख
- शिउरुङ होमस्टे वडा नं. २- रु २ लाख
- रक गार्डेन होमस्टे वडा नं. ५- रु २ लाख
- तामाङ होमस्टे वडा नं. ८- रु २लाख
- भलामचौर होमस्टे वडा नं. ९- रु २ लाख
- तारेभिर रक कलाइम्बिङ पुर्वाधार निर्माण वडा नं. ४ -रु ५ लाख
- पेम्रो छहरा पर्यटन विकास वडा नं. २ - रु २ लाख
- भिरपुस्तुन कालिका मन्दिर वडा नं. ६ - रु २ लाख
- डा. हर्क गुरुङ पार्क वडा नं. ७ रु २ लाख
- हर्सिङ डाँडा खानेपानी तथा शौचालय वडा नं. ३- २ लाख
- बान्द्रे रक कलाम्बिङ सम्भाव्यता अध्ययन वडा नं. ८ - रु १ लाख
- अन्य पर्यटन प्रवर्धन कार्यक्रम रु १ लाख

निर्णय नं ८ हिउँदे गाउँसभाबाट थप भएका योजनाहरुको योजना सम्झौता म्याद २०७८ चैत मसान्त सम्म यप गर्ने निर्णय गरियो ।

निर्णय नं ९ मर्स्याङ्दी गाउँपालिका वडा नं.४ को वडा कार्यालयको लागि आफनो भवन नभएको ,भवन निर्माणको लागि आवश्यक पर्ने जग्गा नभएकाले सो कार्यको लागि आवश्यक पर्ने केही जग्गा यस गा.प. को वडा नं. ४ मा रहेको जग्गा घनी खुशीमाया गुरुङ र सुनच्यो गुरुङको(संयुक्त नाममा रहेको ) किता नं. ४१० वाट क्षेत्रफल १-०-०-० को जग्गा प्राप्त गर्नु पर्ने भएकोले आवश्यक पहल गरीदिनको लागि जिल्ला प्रशासन कार्यालय लमजुङ अनुरोध गर्ने.निर्णय गरियो ।

१०) यस मर्स्याङ्दी गाउँपालिकामा निर्माणधिन जलविद्युत आयोजनासँगको सहकार्यमा रोजगारी सुनिच्तताको लागि स्थानिय युवाहरुको लागि सीपमूलक तालिम सन्चालन गर्ने निर्णय गरियो ।

११) जिल्ला समन्वय समिति कोष सन्चालन निर्देशिका बमोजिम गत आ.व.मा २०७७/७८ वडा नं. ३ को वडा कार्यालयको भवन निर्माणको कुल लागत रु ६७,८७,९३७ को ६० प्रतिशत रकम तहाँका कार्यालयबाट ४९ लाख प्राप्त भएको सो मध्वोट उक्त योजनाको लागि रुं ४० लाख मात्र खर्च भएको हुँदा चालु आ.व.को लागि तपसिल वडा कार्यालयमा लागत साझेदारी हुने गरी रु ३० लाखको मध्यबाट बाकी रु २१ लाख माग गर्ने निर्णय गरियो ।

| क.स. | योजनाको नाम | कुल लागत | जिल्ला समन्वय समिति कोष सन्चालन निर्देशिका बमोजिम साझेदारी | गाउँपालिकाको लागित को लागत साझेदारी |
|---|---|---|---|---|
| १ | construction of ward 2Building,Roplephant | ३८,९५,३०४ | २०,००,००० ( ५१.३४ प्रतिसत ) | १८,९५,३०४ (४८.६६प्रतिसत ) |
| २ | construction of ward 9 Building, simpani | ४२,३८,००८ | १०,००,००० (२३.६० प्रतिसत ) | ३२,३८,००८ ( ७६.४० प्रतिसत ) |
| जम्मा | | | ३० लाख मात्र | |

१२) निम्नानुसार कर्मचारीको नियुक्ति प्रक्रियालाई अनुमोदन गर्ने निर्णय गरियो ।

क) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना अन्तर्गत यस मर्स्याङ्दी गाउँपलिका अन्तर्गत सेवा इकाइमा रहने एम.आई.एस. अपरेटरको अस्थाथी दरबन्दीमा जनशक्ति छनौट सम्वन्धी मापदण्ड २०७६ अनुसार छनौट हुनु भएका श्री सुवास गुरुङको नियुक्ति प्रक्रिया अनुमोदन गर्ने निर्णय गरियो ।

ख) यस मर्स्याङ्दी गाउँपलिकाको कार्यालयमा रहने गरी कार्यालय सहयोगी पदमा छनौट हुनु भएका श्री सुर्य गुरुङको नियुक्ति प्रक्रिया अनुमोदन गर्ने निर्णय गरियो ।

ग) स्थानीय तहमा अन्तर्गत रहने रोजगार सेवा केन्द्रको प्रविधिक सहायक पदमा छनौट हुनु भएका श्री मनोज गुरुङको नियुक्ति प्रक्रिया अनुमोदन गर्ने निर्णय गरियो ।

१३) बेशीशहर स्थित मर्स्याङ्दी बहुमुखी क्याम्पसमा यस गाउँपालिकाका विद्यार्थी समेत अध्ययनरत रहेको तथा त्यस क्याम्पसको माग निवेदन समेत रहेकोले कार्यक्रम खर्च (२२५२२) को शिक्षा तर्फ विनियोजित शिर्षकबाट मर्स्याङ्दी क्याम्पसको व्यवस्थापनको लागि रु. ३,००,०००।- (तिन लाख) सहयोग गर्ने निर्णय गरियो ।

१४) विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको विभिन्न धार्मिक, सांस्कृतिक, साहित्यिक, महोत्सव, दिवस सम्बन्धी खर्च शिर्षकबाट निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।

- सिर्जना यूवा क्लव, मर्स्याङ्दी -६ रु.५०,०००।-
- लाम पोखरी यूवा क्लव, मर्स्याङ्दी -९, रु.२५,०००।-
- लुकेको खवर प्रा.लि. रु.३०,०००।-

१५) विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको विपद् व्यवस्थापन कोषबाट निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।

- उपल्लो चिप्ला गोरेटो बाटो मर्मत, मर्स्याङ्दी -५, रु.२०,०००।-

१६) विविध कार्यक्रम खर्च (२२५२९) अन्तर्गतको असक्त, असहाय, विपन्न सहायता कोषबाट निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।

- भाईखु गुरुङ, मर्स्याङ्दी -१, रु.१५,०००।- (मृगौला रोगी)
- फिष्टी कामी, मर्स्याङ्दी -३, रु.१०,०००।- (प्यारालाईसिस विपन्न)
- निर्मल तामाङ, मर्स्याङ्दी -३, रु.५,०००।- (अपाङ्ग विपन्न उपचार)
- सुक बहादुर तामाङ, मर्स्याङ्दी -३, रु.५,०००।- (अपाङ्ग विपन्न उपचार)
- भगवन सिँह गुरुङ, मर्स्याङ्दी -३, रु.५,०००।- (प्यारालाईसिस विपन्न)
- सिद्धी गुरुङ, मर्स्याङ्दी -३, रु.५,०००।- (प्यारालाईसिस विपन्न)
- बाल कुमारी गुरुङ, मर्स्याङ्दी -३, रु.५,०००।- (प्यारालाईसिस विपन्न)
- पुजा खत्री, मर्स्याङ्दी -३, रु.१०,०००।- (एपेन्डिसाईट विपन्न)
- दुध कासी गुरुङ, मर्स्याङ्दी -३, रु.१५,०००।- (क्यान्सर रोगी)
- लक्ष्मण गुरुङ, मर्स्याङ्दी -३, रु.१५,०००।- (मृगौला रोगी)
- देवी जङ गुरुङ, मर्स्याङ्दी -६, रु.१५,०००।- (क्यान्सर रोगी)
- ईन्दु भण्डारी घिमिरे, मर्स्याङ्दी -८, रु.२०,०००।- (विपन्न जिर्ण घर मर्मत तथा छाना)
- आशा परियार, मर्स्याङ्दी -९, रु.५,०००।- (अपाङ्ग तथा विपन्न परिवार सुत्केरी)
- निर्मल कुमारी थापा, मर्स्याङ्दी -९, रु.१०,०००।- (मृगौला तथा क्यान्सर पिडित)
- देउ माया सार्की, मर्स्याङ्दी -९, रु.१५,०००।- (मुटु अप्रेसन)
- दिपक भण्डारी, मर्स्याङ्दी -९, रु.१५,०००।- (मुटु अप्रेसन)
- लोक बहादुर थापा, मर्स्याङ्दी -९, रु.१५,०००।- (मुटु अप्रेसन)